गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय

फोन नं.: ०६८-५२०३०८
इमेल:baglungdho@gmail.com
वेभसाइट: hobaglung.gandaki.gov.np

# स्वास्थ्य कार्यालय बागलुङ

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

प्रथम पटक सुचना प्रकाशित मिति:२०८१-०५-०६

| क.सं. | विज्ञापननं. | पद | तह | न्युनतम शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|---|---|
| १ | १/२०८१-८२ | विद्यालय नर्स | पाँचौ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट नर्सिङ विषयमा प्रमाणपत्र तह उत्तीर्ण | श्री नेपाल मा.वि., ताराखोला गाउँपालिकाको लागि |
| २ | २/२०८१-८२ | कोल्ड चेन सहायक | चौथो | मान्यता प्राप्त शिक्षण संस्थाबाट CMA उत्तीर्ण | स्वास्थ्य कार्यालय बागलुङ वा आवश्यकता अनुसार भ्याक्सिन सबसेन्टरका लागि |

स्वास्थ्य कार्यालय बागलुङको लागि गण्डकी प्रदेश सरकारबाट आ.व. २०८१/८२ मा प्राप्त "विद्यालय नर्स कार्यक्रम संचालन (निरन्तरता)" र स्वास्थ्य कार्यालयमा कोल्डरुम सञ्चालन एवं व्यवस्थापनका लागि Cold Chain Assistant (चौथो तह) जनशक्ति व्यवस्थापन कार्यक्रम अन्तर्गत तपसिल बमोजिमको पदमा" सेवा करारमा चिकित्सक र स्वास्थ्यकर्मी व्यवस्थापन कार्यविधि,२०७९ "बमोजिम पदपूर्ति गर्नुपर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरु बाट यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र दरखास्त आह्वान गरिएको छ ।

तपसिल:

१. दरखास्त फाराम: स्वास्थ्य कार्यालय, बागलुङको प्रशासन शाखाबाट उपलब्ध हुनेछ वा सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश पोखराको वेवसाइट https://mohp.gandaki.gov.np मार्फत डाउनलोड गरी दरखास्त फाराम साथ संलग्न गर्नुपर्ने कागजातहरु सहित यस कार्यालयमा दरखास्त पेश गर्नु पर्नेछ।

२. पेश गर्नुपर्ने कागजात:उम्मेदवारको व्यक्तिगत विवरण, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रतिलिपी, म्याद कायम रहेको / नविकरण गरिएको सम्बन्धित विषयको काउन्सिल दर्ता प्रमाणपत्रको प्रतिलिपी, कार्य अनुभवको प्रमाणपत्रको प्रतिलिपी र परिक्षा दस्तुर जम्मा गरेको सक्कल भौचर संलग्न हुनु पर्नेछ। साथै अन्तरवार्ताको दिन सबै प्रमाण पत्रहरुको सक्कल प्रति लिईउपस्थित हुनुपर्नेछ।

३. परिक्षा दस्तुर: रु.७००।- (सातसय मात्र)

४. परिक्षा दस्तुर जम्मा गर्नका लागि:-

क) राजश्व शिर्षकनं. १४२२४ (परिक्षाशुल्क) ख) कार्यालयको नाम:स्वास्थ्य कार्यालय, बागलुङ ग) बैंककोनाम: नेपाल वैंक लिमिटेड घ) कार्यालयकोड: ३५०१०४५०१४

५. उम्मेदवारको शैक्षिक योग्यता:

क) नेपाली नागरिक हुनुपर्नेछ।

ख) भ्रष्टाचार तथा फौजदारी अभियोग सम्बन्धि मुद्दामा अदालतबाट सजाय नपाएको हुनुपर्नेछ।

ग) भविष्यमा सरकारी सेवाका निमित्त अयोग्य ठहरिने गरी बर्खास्त नभएको हुनुपर्नेछ।

घ) उम्मेदवार १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको हुनुपर्नेछ।

•तलब:प्रचलित कानून बमोजिम सम्बन्धित तहको सुरु तलब स्केल मात्र उपलब्ध हुनेछ।

•दरखास्त साथ पेश गरेको प्रमाणपत्रका प्रतिलिपीमा दरखास्तवाला स्वयंले प्रमाणित गरी पेश गर्नुपर्नेछ।

•दरखास्त दिने अन्तिम मिति:२०८१/०५/२० गते कार्यालय समयभित्र। उक्तदिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट सम्म।

•परिक्षाको किसिम: अन्तरवार्ता।

•परिक्षा मिति: दरखास्त पेश गर्ने अन्तिम मितिको भोलिपल्ट दिनको ११:०० बजे पछि प्रकाशन गरिनेछ।

नोट: यस सम्बन्धमा थप जानकारी आवश्यक भएमा स्वास्थ्य कार्यालयको प्रशासन शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ।

सम्पर्क नं.- ०६८-५२०३०८

कार्यालय प्रमुख